# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५ ] काठमाडौं भाद्र १३ गते २०१२ साल [ संख्या ४

### गृहविभागको सूचना

मिति ०१२।५।७

हाल छापिने गरेको नेपाल गजेटको शिर बेहोरामा—'यसरी समय समयमा छापिएका गजेटका सरकारी सूचनाहरूलाई सरकारी आदेश संझी प्रत्येक सरकारी अड्डाले र सारा नेपाली नागरिकहरूले त्यमअनुसार गर्नुपर्दछ । सरोकारवाला सरकारी अड्डाहरूलाई कुनै बेग्लै आदेश आफ्ना सम्बन्धित मंत्रालयहरूबाट नभए तापनि गजेटमा छापिएबमोजिम कार्यवाही गर्दा कुनै किसिमको बात लाग्नेछैन, बरु गजेटमा छापिएअनुसार नचलेमा बात लाग्छ' भन्ने देखिएकोले ऐन सवालमा लेखिएको भन्दा गजेटमा लेखिएको कुरामा बढ्ता मान्यता दिनुपर्ने हुन्छ भन्ने जनता र सबै सरकारी अड्डा अदालतहरूमा समेत भ्रम फैलिएको बुझिएकोले सो दूर गर्नाको लागि अबउप्रान्त गजेट देहायबमोजिम चार भाग गरी छाप्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रबन्ध मिलाई नयाँ ढाँचाबमोजिम छापिने गजेटमा विभागको कुराहरू गजेटको कुन भागमा छाप्नुपर्ने हो, सो कुराको राम्रो बोध नैनसकेसम्म सो कुरा मिलाउनको लागि सम्बन्धित विभागले ३ महिनासम्म कानूनविभागसँग सम्पर्क राखी गजेटमा सूचनाहरू छपाउने काम गर्ने गर्नू भन्ने हरएक विभागमा परिपत्र पठाउनू भन्ने २०१२।५।१४ मा सरकारको निर्णय भएकोले सूचित गरिएको छ। सोबमोजिम गर्नू, गर्न लाउने गर्नू।

(१) भाग १ शाही घोषणा।
भाग २ ऐन।
भाग ३ ऐन–अन्तर्गत बनेका नियम आदेश र सूचना।
भाग ४ नियुक्ति सरुवा बढुवा र अरु विभिन्न किसिमका विज्ञप्ति।

(२) हरएक भागको पाना नम्बर बेग्ला बेग्लै हुनेछ।

(३) भाग २ र ३ मा छापिएको ऐन, नियम, सूचना मात्र कानून मानिनेछ र सो जनसाधारण सबैले मान्नुपर्छ।

(४) भाग ४ मा लेखिएका आदेशहरू सम्बन्धित अड्डा र कर्मचारीलाई लागू हुनेछ।

आज्ञाले—
श्रीवत्सराज,
का० मु० सेक्रेटरी— गृहविभाग

## अर्थ (करेन्सी एण्ड एक्सचेन्ज) विभागको सूचना

पत्रसंख्या २४८ मिति ०१२।५।८।४

काठमाडौंदेखि भारत र नेपालका विभिन्न स्थानहरू जहाँ जहाँ आई. ए. सी. द्वारा हवाई सर्भिस बन्दोबस्त भइरहेको छ, ती ती स्थानमा जानलाई हवाई टिकट खरीद गर्दा यही २०१२ भाद्र १६ (सेप्टेम्बर १,१९५५) देखि नेपाली मोहरमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खरीद गराउने बन्दोबस्त भएकोले सर्वसाधारणका जानकारीका लागी यो सूचना प्रकाश गरिएको छ। टिकट बहसूलको भा. रु. मा जुन दर ठेकिएको छ या ठेकिन्छ, त्यसैको बैंक रेटले हिसाब गरेर मो.रु. मा तिर्ने हो, सो मितिउपान्त काठमाडौंमा दवाई टिकट भा. रु. मा खरीद गर्ने बन्द गरिएको छ।

आज्ञाले —
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग

## अर्थ [ आय ] विभागको सूचना

पत्रसंख्या १७।ठा।१ ख १३२७ ०१२।५।६।५

०११।८।१४ को संख्या १६ भाग २ को गजेटमा प्रकाशित गुपटा फ्रिटीको नियममा बिनामहसुल निकाशी पैठारी गर्न पाइने खाद्यान्नमा धान पर्ने गरेको नदेखिनाले १२।४।०१२ का निर्णयानुसार उपरोक्त नियमको दफा (ख) १ मा इस प्रकार संशोधन गरिएको छ।

(ख) १- चामल, च्यूरा, पिठो, दालहरु, भइमास एक जहानलाई एक पाथीसम्म र धान दश सेरसम्म ।

आज्ञाले—
नीरराज,
का० मु० सेक्रेटरी–अर्थविभाग.

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १५

मिति २०१२।५।८।४

स्वास्थ्य-विभागान्तर्गत सेन्ट्रल मेडिकलस्टोर काठमाडौंलाई एक जना सुपरिन्टेन्डेन्ट चाहिएको छ। योग्य उमेदवारहरुले प. स. क. दरखास्त फाराम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नं. १ (२०१०) मा भरी २०१२ साल कार्तिक १६ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः— सुपरिन्टेन्डेन्ट, सेन्ट्रल मेडिकलस्टोर, ननगजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः— एल्. एम्. एफ्.

३. विशेष योग्यताः— मेडिकलस्टोरको ज्ञान भएकालाई विशेष ग्राह्यता दिइनेछ।

४. मासिक तलबको स्केलः— मो. रु. १४०।– २८०।

५. विशेष तलब वा भत्ताः— महँगी भत्ता मो.रु. २०। विशेष भत्ता मो. रु. ५०।

६. कामः— औषधी झिकाउने बाँड्ने र नगदी जिन्सीको समेत जो परिआउँछ, सवालबमोजिम गर्ने। यस स्टोरमा अरू अस्पतालसरह ड्यूटी नभएकोले परेको बखत हाजिर भई काम गर्नुपर्छ।

७. अभ्यास अवधिः— ६ महिना।

आज्ञाले:—
खड्गमान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।